कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय
## दैलेख

फोन नं. ०८९-४२०१४५
ईमेल : adodailekh76@gmail.com
वेभसाईट : www.adodailekh.gov.np

प.सं. :- ०७८/७९ (योजना शाखा)
च.नं.:- 656

मिति :२०७९/०२/१२

विषय: सूचना टाँस गरि जानकारी पठाईदिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,दैलेख ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, दैलेख ।
श्री प्रदेश लेखा ईकाई कार्यालय, दैलेख ।
श्री पशु अस्पताल तथा पशु सेवा कार्यालय, दैलेख ।
श्री उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, दैलेख ।
श्री स्थानीय तह सबै ।

प्रस्तुत विषयमा कृषि विकास कार्यालय, दैलेखको आ.ब.२०७८/०७९ को स्विकृत बार्षिक कार्यक्रम अनुसार मुख्यमन्त्री उत्कृष्ट पुरस्कार कार्यक्रमको प्रस्ताव आह्वानको सूचना प्रकाशन भएको हुदाँ सूचना थान-१ यसै पत्र साथ संलग्न राखि पठाईएको छ । त्यहाँ कार्यालयको सूचना पार्टीमा टाँस गरि सोको जानकारी पठाईदिनुहुन अनुरोध छ । साथै योजना कार्यान्वयनमा आवश्यक समन्वय, सहयोग तथा सहजिकरणको लागि सादर अनुरोध छ ।

079/2/12

नरेन्द्र बहादुर
कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि विकास कार्यालय**
**दैलेख**

फोन नं. ०८९-४२०१४५
इमेल:adodailekh76@gmail.com
वेभ साइट: adodailekh.gov.np

विषय : मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमको प्रस्ताव आह्वानको सूचना ।

प्रथम पटक प्रकाशन मिति : २०७९/०२/१२

कृषि विकास कार्यालय, दैलेखको आ.व.२०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मुख्यमन्त्री उत्कृष्ट पुरस्कार कार्यक्रम रहेको हुदाँ दैलेख जिल्लाका ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, उद्यमी निजि व्यवसायीबाट प्रस्ताव आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन (२०७९/०२/२६ गते) भित्र कृषि विकास कार्यालय, दैलेखमा तपशिल अनुसारका कागजात संलग्न गरी आवेदन पेश गर्न हुन अनुरोध छ ।

०७९/२/१२
नरेन्द्र बहादुर ...
कार्यालय प्रमुख

आवश्यक कागजातहरु :

१.समूह/सहकारी/निजी फर्मको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
२.सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।
३. गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण पत्रको प्रतिलिपि ।
४. सहकारी र निजी फर्मको हकमा गत आ.व.को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदनको फोटोकपी ।
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोक खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।
६. कृषि व्यवसाय गर्ने अनुसुचि अनुसारको निवेदन तथा प्रस्तावना ।
७. प्रतिवद्धता पत्र ।
८. अन्य आवश्यक कागजातहरु ।

कार्यक्रममा सहभागिताका लागि न्यूनतम तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक खेति गरेको हुनुपर्नेछ ।

| क्र.सं. | बालीको किसिम | न्यूनतम क्षेत्रफल/संख्या |
|---|---|---|
| १ | अन्नवाली/दलहन/तेलहन | ५ रोपनी |
| २ | तरकारी वाली, पुष्प तथा मसला वाली | ५ रोपनी, प्लाष्टिक घर (१००० वर्ग फिट) |
| ३ | च्याउ | १ वटा टनेल (५०० वर्ग फिट) |
| ४ | अलैची, अदुवा | ५ रोपनी |
| ५ | आँप, ओखर, कटहर, अनार | ५० वोट |
| ६ | लिची | ७५ वोट |
| ७ | अम्बा, सुन्तला, जुनार, स्याउ, नास्पती, आरुवखडा | १०० वोट |
| ८ | स्ट्रवेरी | २ रोपनी |
| ९ | किवि, कफी | ५ रोपनी |
| १० | केरा | ५ रोपनी |
| ११ | मौरीपालन | ५० घार (गोला सहितको ) |
| १२ | खाद्यान्न बिज वृद्धि | ५ रोपनी |
| १३ | तरकारी विज बृद्धि | २ रोपनी |